# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रीय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal**

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ भदौ ६ गते

## संयमित र संवेदनशील बन्न आयोगको आग्रह

नयाँ संविधान बन्ने क्रममा भइरहेको बन्द, हड्ताल, धर्नामा भएको जनधनको क्षति, मानव अधिकार हनन् लगायतको विषयमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका नेताहरु र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीबीच छलफल भएको छ । मधेशी मोर्चाद्धारा देशका विभिन्न स्थानमा भईरहेको आन्दोलनका विषयमा आयोगले मोर्चाका नेताहरुसँग छलफल गरेको हो ।

छलफलका क्रममा आयोगका अध्यक्ष अनुपराज शर्माले आन्दोलनको लक्ष्यको बारेमा मधेशी मोर्चाका नेताहरुसँग जिज्ञासा राख्दै आन्दोलनलाई थप संयमित र सद्भावपूर्ण बनाउन आग्रह गर्नुभयो । आन्दोलनको बारेमा आयोगले प्रभावकारी रुपमा स्थलगत अनुगमन गरिरहेको बताउँदै अध्यक्ष शर्माले आगामी दिनमा समेत अनुगमनलाई निरन्तरता दिने बताउनुभयो ।

कार्यक्रममा तराई मधेश लोकतान्त्रिक पार्टीका वरिष्ठ उपाध्यक्ष हृदयेश त्रिपाठीले शान्तिपूर्ण रुपमा भइरहेको आन्दोलनमा सरकारले निर्ममतापूर्वक दमन गरेको बताउनुभयो । लोकतान्त्रिक आन्दोलनमा मधेशी लगायतको ऐक्यबद्धता आवश्यक भएपनि मधेश आन्दोलनमा मधेशीहरु एक्लै रहेको अनुभूति उपाध्यक्ष त्रिपाठीले व्यक्त गर्नुभयो । राज्यले शहीद घोषणा गरिसकेका शहीद परिवारप्रति उचित सम्मान गर्न उपाध्यक्ष त्रिपाठीले आग्रह गर्नुभयो । सद्भावना पार्टीका सहअध्यक्ष लक्ष्मणलाल कर्णले बल र बन्दुकको प्रयोग राज्यले संयमतापूर्वक गर्नुपर्ने बताउनुभयो । उहाँले आफुहरुको आन्दोलन शान्तिपूर्ण रहने पनि बताउनुभयो । तराई मधेश सद्भावना पार्टी नेपालका वरिष्ठ नेता राम नरेश रायले विगतमा मधेशी दलका नेताहरुसँग गरेको सम्झौता अनुसार चल्नुपर्ने भन्दै मधेशी र पहाडी बिचको विभेद झल्किने गरी सरकारलाई व्यवहार नगर्न आग्रह गर्नुभयो । आन्दोलनका क्रममा महिला, बालबालिकाहरुमाथि हुने दुर्व्यवहार नगर्न प्रहरी प्रशासनलाई उहाँले आग्रह गर्नुभयो । संघीय समाजवादी फोरम नेपालका नेता अशोक राईले "शान्तिपूर्ण आन्दोलनभन्दा धेरै बल हतियारमा नहुने" विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा आयोगका सदस्य मोहना अन्सारीले आयोगले विभिन्न जिल्लामा गरेको अनुगमनका बारेमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा आयोगका सदस्य प्रकाश वस्ती, सुदिप पाठक, गोविन्द शर्मा पौड्याल, कामु सचिव वेदप्रसाद भट्टराई लगायतको सहभागिता रहेको थियो ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता

**फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल**

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org